कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

## कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जिल्ला ललितपुर, बागमति प्रदेश, नेपाल

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

## विषय सुची


१. पृष्ठभूमि ..... २
२. रणनीति तर्जुमाको आवश्यकता ..... ३
३. रणनीति तर्जुमाका बिधिहरु ..... ३
४. गाउँपालिकाको परिचय ..... ३
५. नीतिगत व्यवस्था ..... ४
६. हालको अवस्था ..... ५
७. SWOT विश्लेषण ..... ५
८. सरोकारवाला पहिचान ..... ८
९. लक्षितवर्ग पहिचान ..... ९
१०. दीर्घकालिन सोच (Vision) ..... ९
११. ध्येय (Mission) ..... ९
१२. लक्ष (Goal) ..... ९
१३. उदेश्य (Objectives) ..... ९
१४. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ..... १०
१५. लैससास रणनीति (GESI Strategy) ..... ११
१६. रणनैतिक कृयाकलापहरु ..... ११
१७. वित्त व्यवस्थापन ..... १९
१८. कानूनी व्यवस्था ..... १९
१९. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ..... १९
२०. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ..... १९
२१. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ..... २०
२२. लैससास रणनीतिका अपेक्षित उपलब्धी ..... २१
२३. निश्कर्ष ..... २१
२४. कार्यक्रमको फोटोहरु ..... २२

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## १ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । यसैगरी संविधानको धारा ३८ ले महिलाको हकको व्यवस्था गरी महिला अधिकारको सुरक्षा गरेको छ ।

संविधानले लैससासको व्यवस्था सुनिश्चित गर्न समानता र गैर भेदभावको सिद्धान्तको व्याख्या गर्नुका साथै संवैधानिक आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मधेश आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय आदिबासी जनजाति आयोग र राष्ट्रिय मानव अधिकार आयोगहरू स्थापना गरी कार्यारम्भ गरिसकेको छ । संविधानद्वारा प्रत्याभूत गरिएको संघीय शासन प्रणालीमा लैङ्गिक असमानता र सामाजिक बहिष्करणलाई कम गर्न तथा सामाजिक रुपान्तरणका लागि धेरै अवसरहरू प्रदान गरेको छ । यस पद्धतीले नेपालका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता अगाडि बढाउने क्षमता राख्दछ । लैससासका सवालमा सम्बोधन गर्ने मुख्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा दीगो विकास लक्ष्य, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), बेइजिङ्ग घोषणा पत्र (BPFA) आदि मूख्यपङ्तीमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरी आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एबं लक्षित बर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यममा जोड दिदै लैससास प्रवर्द्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ ।

संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताको सिद्धान्तका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ । अतः लैससास स्थानीयकरण रणनीति २०७५, को अधिनमा रही यस कोन्ज्योसोम गाउँपालिकाको **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तय गरिएको छ ।

## २. रणनीति तर्जुमाको आवश्यकता

लैससास क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरू, गर्भवती महिला, सुत्केरी अवस्थाका महिला, लैङ्गिक तथा यौनीक अल्पसंख्यक व्यक्तिहरू, किसान लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरूको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकिरहेका छैनन् ।

शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ । तसर्थ कोन्ज्योसोम गाउँपालिकाले महिला, जनजाती, आदिवासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडि परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिइएको छ । गाउँपालिकाले लैससास रणनीति तयारी पश्चात आफ्नो क्षेत्रको विकासका लागि श्रोत र साधनहरूको बाँडफाँड कार्यान्वयन तथा परिचालन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा सामाजिक समानता ल्याउने उद्देश्य राखेको छ । रणनीति तर्जुमा पश्चात लैससासको पक्षमा जवाफदेहिता तथा उत्तरदायित्व ग्रहन गर्ने सवालमा सरोकारवालाहरुलाइ थप जिम्मेवार बनाउछ । साथै गाउँपालिकाको लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा महिला सशक्तिकरण सम्बन्धि कार्यक्रममा प्रभावकारिता बढाउनका साथै सामाजिक क्षेत्रको विकासको कार्यक्षेत्र विस्तार गर्न समेत सघाउ पुर्याउँदछ तसर्थ गाउँपालिकालाइ लैससास मैत्री बनाउन लैससास रणनीतिको आवश्यकता रहेको छ ।

## ३ लैससास रणनीति तर्जुमाको विधिहरु

रणनीतिक योजना तयारीको मूख्य आधार कोन्ज्योसोम गाउँपालिकाको विद्यमान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थालाई लिइएको छ । गाउँपालिकाको अवस्थिति, खण्डीकृत जनसंख्या, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात प्राप्त भएको हालको अवस्था, हाल गाउँपालिकाबाट लैससासको सवालमा भैरहेका कार्यक्रमहरू तथा कार्य प्रणाली लगायतको बारेमा विज्ञ टोलीहरूको स्थलगत भ्रमण, समूह छलफल, सरोकारवाला निकाय तथा व्यक्तिहरूसँगको छलफल मार्फत संकलित तथ्यांकको विश्लेषणको आधारमा लैससासको क्षेत्रको वर्तमान अवस्था, समस्याहरू, चुनौतीहरू तथा आवश्यकता पहिचान गरिएको छ । पहिचान गरिएका आवश्यकताहरूलाई राष्ट्रिय नीति, रणनीति, नीति तथा कार्यक्रम, आवधिक योजना, गाउँपालिकाले लैससासको विकासमा लिएका लक्ष्यहरू, आवश्यक श्रोतको उपलब्धता, स्थानीय प्राथमिकता र मौलिकता आदिलाई समेत आधार मानेर लैससास विकासको रणनीतिक योजना तयार गरिएको छ । प्राथमिक तथा द्वितीय स्रोतका जानकारीहरूको विश्लेषण गरी योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, तथा प्राथमिकता क्षेत्रहरू निर्धारण गरिएका छन ।

## ४. गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको बागमति प्रदेश अन्तर्गत ललितपुर जिल्लाको ६ वटा स्थानीय तह मध्ये कोन्ज्योसोम गाऊँपालिका पनि एक हो । कूल क्षेत्रफल ४४.१६ वर्ग किलोमीटर रहेको यस गाउँपालिकामा ५ वटा वडाहरु छन । यस गाउँपालिकाको कूल जनसख्या १३,०३७ रहेको छ जसमा महिला ६,४६२ पुरुष ६,५७५ छन । घरधुरी २,५९३ भएको यस गाउँपालिकामा सबैभन्दा बढी तामाँग जाती ७५.७८% रहेका छन । जनसख्या मध्ये शारिरीक अपाँगता भएका ११७,

बौद्धिक अपाँगता भएका १०, दृष्टीविहिन १२, बहिरा ३१, मनोसामाजिक अपाँगता भएका १० र बहु अपाँगता भएका ८ गरी कूल १८८ अपाँगहरु रहेका पाइन्छन् । यस गाउँपालिकामा रहेका ५ वटा वडाहरु अन्तर्गत वडा न. १ चौघरे, वडा न. २ शंखु, वडा न. ३ दलचोकी, वडा न. ४ नल्लु र वडा न. ५ भारदेउ रहेका छन् । यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मूख्य पेशा कृषि रहेको पाइन्छ । यस ठाउँमा हरियाली अग्ला पहाडहरु भएकाले प्राकृतिक हिसाबले सुन्दर र मनोरम दृश्य देख्न सकिन्छ । विशेषत तामाँग जातीको बसोवास रहेको यो गाउँपालिका राजधानीबाट नजिकै रहे पनि शिक्षा, स्वास्थ्य, यातायात लगायतका क्षेत्रहरुमा धेरै नै पछाडि रहेको पाइन्छ ।

५. लैससास रणनीति तर्जुमा कार्यका लागि भएका नीतिगत व्यवस्था

वि.सं. २०६८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसंख्यांको ५१.५ प्रतिशत महिला रहेकामा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ । यस्तै, सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत रहेको देखिन्छ । महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमश २६.३ र ५३.८ प्रतिशत रहेको छ । आफ्नो जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसाबाट पिडित महिलाहरूको संख्या नेपालमा २४.४ प्रतिशत रहेको छ । त्यस्तै, आ. व २०७५-२०७६ मा नेपालको लैङ्गिक असमानता सूचकांक ०.४७६, लैङ्गिक सशक्तिकरण सूचकांक ०.५७, लैङ्गिक विकास सूचकांक ०.८९७ तथा लैङ्गिक उत्तरदायी बजेट ३८.१६ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसख्याको करिब १.९४ प्रतिशत जनसंख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ भने पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ ।

महिलाहरूको राजनीति तहमा सहभागिता तथा नेतृत्वको सन्दर्भमा, २०७४ तथा २०७५ मा सम्पन्न संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन अनुसार महिलाको राष्ट्रिय सभामा ३७.३ र प्रतिनिधि सभामा ३२.७ प्रतिशत, प्रदेश सभामा ३४.४ र स्थानीय तहमा ४१ प्रतिशत निर्वाचित महिला सदस्य रहेको अवस्था छ । मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरू बीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ ।

सन् २०१५ मा लैङ्गिक असमानतामा नेपाल विश्वमा ११० स्थानमा रहेको थियो भने सन् २०२० मा १०१ औं स्थानमा रहेको छ । नेपाल, बंगलादेश र भारत पछि दक्षिण एसियमा बाल विवाहदर उच्च भएको तेस्रो देश हो र नेपालमा ३७ प्रतिशत महिलाहरूले १८ वर्षभन्दा अगाडि नै विवाह गर्छन भने १५ वर्ष भन्दा पहिले नै विवाह बन्धनमा बाँधिने अनुपात १० प्रतिशत रहेको छ । *(श्रोत) दीगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०)*

यसै बीच लैससास रणनीतिको तर्जुमा कार्यका लागि कानूनी तथा वैधानिक आधारहरूलाई यसरी बुँदाबद्ध गर्न सकिन्छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७
- १५औं राष्ट्रिय योजना,
- लैससास स्थानीयकरण रणनीति, २०७५,
- दीगो विकासका लक्ष्यहरू
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

## ६. गाउँपालिकाको लैससासको हालको अवस्था

गाउँपालिकामा लैससासका सम्बन्धमा अध्ययन गर्दा गाउँपालिकाले कृषि सेवा सम्बन्धि कार्यक्रमहरु सचालन कार्यविधि, २०७६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७ गाउँपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७ अपांङ्गता परिचयपत्र वितरण सम्बन्धि कार्यविधि निर्माण गर्ने जस्ता कार्य गरिरहेको यस गाउँपालिकाले लैससासको क्षेत्र विस्तृत बनाउने उदेश्यका साथ विभिन्न नीतिहरू अगाडि सारेको छ । गाउँपालिकाले लैससासको सवालमा लिएका नीतिहरूलाई यसरी बुँदागत रुपमा हेर्न सकिन्छ ।

- लैससास कार्यक्रम अन्तर्गत विपन्न तथा दलित महिलाहरुलाई परम्परागत सिपमूलक एवं व्यवसायिक तालिम प्रदान गरी जिवनस्तर सुर्धानको लागि आयमूलक कार्यक्रमहरु संचालनमा विशेष जोड दिने ।
- महिला हिसाको अपराध विरुद्ध विविध सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- महिला लक्षित कार्यक्रम तथा महिलाको समग्र क्षमता विकासका कार्यक्रमहरु संचालन तथा सहजिकरण गर्ने उदेश्यले महिला समुह कै प्रतिनिधिन्व हुने गरी वडा स्तरीय महिला संजाल गठन गर्ने ।
- लक्षित वर्गका बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चित गरिने ।बाल संजाल गठन गर्ने।
- अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुको हकहित एवं सेवा माथीको पहुँचलाई सुनिश्चितता गरिने साथै सामाजिक सुरक्षा तर्फ विशेष जोड दिने ।
- आदिवासी जनजाती तथा पिछडावर्गहरुको उत्थानको लागि सचेतनामूलक, सिपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रमहरु संचालनमा जोड दिदै यस्ता किसिमका कार्यक्रमहरु संचालनका लागि संजाल गठनमा प्रोत्साहन गर्ने ।
- गरिबिको चपेटामा परेकाहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु संचालन गर्ने ।

यद्यपी यहाँ महिला, जनजाति, दलित, अपाङ्ता भएका तथा पछाडि पारिएका समुदायहरूलाई सिपमुलक तथा क्षमता विकासका क्षेत्रमा ठोस कार्यक्रमहरूको सुरुवाती चरणमा मात्र रहेका छन । साथै विभिन्न कार्यक्रम तथा समितिहरूमा महिला सहभागिता रहेको भएता पनि निर्णय प्रकियामा महिला सहभागिताको सकृयता न्यून रहेको अवस्था छ ।

## ७. SWOT विश्लेषण

कोन्ज्योसोम गाउँपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर देहाय बमोजिम विश्लेषण गरिएको छ ।

### ७.१ बलियो पक्ष (Strength)

१. कानून मस्यौदा गर्दा र पास गर्दा महिला, किशोरी, बालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधानहरु रहेको ।

२. वार्षिक एव आवधिक नीति तथा योजना तर्जुमा गर्दा लक्षित वर्ग भेला गरेर महिला, पुरुष सहित अन्य लक्षित समूहको अवस्था छुट्टाछुट्टै विश्लेषण प्रस्ताव गरेका योजनाहरुलाइ प्राथमिकतामा राखेर बजेट विनियोजन गरी लैससास सम्वन्धि विषयहरु समावेश गर्ने गरिएको ।

३. उपभोक्ता समितिमा लक्षित समुहका प्रतिनिधित्वलाइ अनिवार्य गरिएको ।

४. गाउँपालिकाको कर्मचारीमा महिला ४८ प्रतिशत र शाखा प्रमुख १ जना मात्र रहेको ।

५. लैङ्गिक विकास हेर्ने महिला शाखाको व्यवस्था भएको ।

६. पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै लाभग्राहिहरुको विवरण अद्यावधिक राख्ने गरेको ।

७. मानव संसाधन विकास केन्द्र (शाखा)को स्थापना भएको । पालिकामा जनशक्तिको व्यवस्था भएको ।

८. विपद् व्यवस्थापन कोषको स्थापना गरिएको ।

९. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनमा महिला, वालवालिका तथा अपाङ्गता भएका व्यक्तिहरुले निर्बाध रुपमा प्रयोग गर्न सकिने गरी महिला वालवालिका अपाङ्गता मैत्री संरचना निर्माण भएको।

१०. गाउँपालिकाले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परंपरागत तथा आधुनिक उर्जाको रुपमा इन्डक्शन चुलो ५० प्रतिशतलाइ बितरण गरिएको ।

११. परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएको ।

१२. विद्यालय जाने उमेर समुहका सबै वालवालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाइएको।

१३. स्थानीय तहका कार्यालयहरुमा सफा, पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजरको प्रवन्ध भएको।

१४. गाउँपालिकाले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको ।

७.२ कमजोर पक्ष (Weekness)

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२. महिला, पूरुष, यौनिक तथा लैङ्गिक अल्प संख्यक तथा आप्रवासी र रैथाने कामदार बीच श्रमको ज्यालामा हुने विभेद रोक्ने प्रावधानहरु राखेर कानूनहरु नबनेको ।

३. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण नभएको ।

४. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५, १० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको।

५. महिला लगायत अन्य लक्षित बर्गका भाषा सहित संवेदनशिल विषय वस्तु सुन्ने र बुझ्ने विषयमा व्यवस्था नगरिएको।

६. लैससास कार्यान्वयन समिति गठन नभएको ।

७. पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व नभएको ।

८. गाउँपालिकाको पदाधिकारीहरुमा महिलाहरु नभएको र बडा अध्यक्ष पनि महिला नभएको ।

९. महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

१०. पदाधिकारी तथा कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम नलिएको ।

११. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नगरिएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको।

१२. राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून कार्यविधिका वारेमा लक्षित समुहको प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण नगरिएको ।

१३. लैङ्गिक हिंसामूक्त पालिका घोषणा नगरिएको ।

१४. गाउँपालिकाका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन नभएको।

१५. गाउँपालिकाले विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागिता र परामर्श नभएको ।

१६. प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन नगरेको ।

१७. निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीति रहे पनि वजेट र कार्यक्रममा व्यवस्था नगरिएको ।

१८. गाउँपालिकामा फोहोर व्यवस्थापनको लागि संकलन तथा विसर्जनका कार्यक्रमहरु नभएका ।

१९. गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरिबी नक्शाङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगार मूलक, आय मूलक र सीप मूलक कार्यक्रमहरू समावेश नभएका ।

२०. गाउँपालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन नगरेको ।

२१. ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति नभएको ।

२२. संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन नभएको ।

२३. गाउँपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति नभएको ।

२४. गाउँपालिकाले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने नगरेको।

७.३ अवसर

१. प्रदेश तथा सघीय सरकारका नीति कानूनहरु लैससास कार्यान्वयनमा सहयोगी हुने गरेका ।

२. जातीगत छुवाछूत र छोराछोरी बिचको बिभेदलाई समाजले निरुत्साहन गर्ने गरेको ।

३. लैससास सम्बन्धी काम गर्ने अन्य गैह सरकारी संघ संस्थाहरु रहेको ।

४. वसाइसरी आउने संख्याले गर्दा समाजमा समस्या नरहेको ।

५. विभिन्न जातजातीको समिश्रण हेर्दा एउटा /दुइटा जातीको मात्र वाहुल्यता रहेको ।

६. कानूनको कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने प्रावधान रहेको ।

७. जनप्रतिनिधि र कर्मचारीहरुमा युवाहरुको बाहुल्यता रहेको ।

८. संघीय सरकार तथा प्रदेश सरकारसंग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु ।

९. स्थानीय तहको कार्यालय तथा आवश्यक संरचना निर्माण गर्न पर्याप्त स्थान भएको ।

१०. हालसम्म बनेका लैससास सम्बन्धी कानूनहरुको कार्यान्वयनमा कुनै समस्या नआएको ।

११. विदेशबाट आएका युवाहरुमा कृषि पेशाप्रति आकर्षण रहेको ।

जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु ।

१२. लैङ्गिक हिंसामुक्त स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहितको बृहत आवधिक योजना तयार भएको।

१३. किसान सम्मान अभिनन्दन पुरस्कार आदि कार्यक्रम नियमित रुपमा हुने गरेको ।

१४. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि काम हुनु ।

१५.

### ७.४ चुनौतीहरु

आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध नहुनु ।

१. राष्ट्रिय गौरबका आयोजना स्थानीय तहमा संचालन नहुनु ।

२. गाउँपालिकाको बजेटको स्वरुप सन्तोषजनक नहुनु ।

३. संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छुट्टै सरकारको मान्यता पाउन कठीन हुनु ।

४. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरिवी मापनका सूचकहरु

५. निर्माण गर्न अप्ठेरो हुनु ।

समान काममा महिलालाइ समान श्रमको ज्याला दिने प्रचलन लागू नभएको ।

६. समाजमा जरो गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, घरेलु हिंसा। को अन्त्यका लागि विभिन्न

७. कार्यक्रमहरु सञ्चालन गर्न ।

पालिका भित्रका सम्पूर्ण विद्यालयमा कृषि तथा नैतिक शिक्षा पढाइ नहुनु ।

८. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

९. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति

१०. व्यवस्थापन गर्न ।

दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु । तथ्याँक समेत नहुनु ।

११. कानूनी ज्ञान, आवश्यक नीति नियम आदिको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारिरुपमा कार्यान्वयन गर्न ।

१२. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको बारेमा समाजमा पहिचान नहुनु ।

१३.

## ८. सरोकारवाला पहिचान

लैससास रणनीति कार्यान्वयनको लागि सरोकारवालाहरु देहाय बमोजिम पहिचान गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माधमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तिश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नागारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा शाखा | बैंक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | बाल क्लबहरु | भूमी व्यवस्था आयोग |
| गाउँ सभा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| न्यायिक समिति | जेष्ठ नागारिक मिलन केन्द्रहरु | महिला आयोग |

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माध्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ कार्यपालिका | स्वयमसेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| | संचार माध्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |

९. लक्षितवर्ग पहिचान

लैससासमको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ

| | | | | |
|---|---|---|---|---|
| महिला | एकल महिला | बालबालिका | जेष्ठ नागरिक | आदिवासी जनजाती |
| किसान | द्वन्द्वपिडित | मजदुर | विपन्न वर्ग | अपाङ्गता भएका व्यक्ति |
| पिछडिएको क्षेत्र र समुदाय | | | | |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट कोन्ज्योसोम गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीसंगै लैससास रणनीति कार्यान्वयनका लागि तीनै तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । धेरै कमजोर पक्षहरु पहिचान भएका छन भने सबल पक्षहरु पनि सन्तोषजनक रहेका छन् । ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

१० दीर्घकालिन सोच Vision

सहभागिता समानता र समावेशिमुलक सिद्धान्तको आधारमा समतामूलक समाज निर्माण गर्ने।

११. ध्येय Mission

सबैलाइ अवसर प्रदान गरी प्राप्त उपलब्धीका अधारमा बिभेदको अन्त्य गर्ने ।

१२. लक्ष Goal

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट पछाडि पारिएका वर्गलाई मूलप्रवाहमा ल्याउने।

१३. उदेश्य Objectives

कोन्ज्योसोम गाउँपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कार्यलाई लैससास प्रति उत्तरदायी वनाउनु हो । लैससास रणनीति तय गर्नुको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षलाई मूलप्रवाहीकरण गर्नका लागि गाउँपालिकाले लिएका नीति तथा तर्जुमा गरेका कार्यक्रम, बजेट, आयोजना एवं संस्थामा काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्थालाई संस्थागत रुपमा सबल र सक्षम बनाउन सहयोग पुर्याउनु हो । यसका साथै लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रूपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

तथा मानवीय श्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण गर्नु रहेको छ । यस रणनीतिको विशिष्ट उद्देश्यहरू देहायमा उल्लेख छन् ।

- कोन्ज्योसोम गाउँपालिकाको ऐन, नियम, नीति, कार्यक्रम तथा कानूनी प्रावधानहरूको लैंगिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिकोणबाट समीक्षा गर्ने ।
- कोन्ज्योसोम गाउँपालिकाको लैससासको वर्तमान अवस्था, विश्लेषण गरी लैससास रणनीति तयार गर्ने।
- अवस्था विश्लेषणको आधारमा लैससास रणनीति तय गरी नीति कानून, कार्यक्रम तथा कानूनी प्रावधानको आधारमा गाउँपालिकाको कार्ययोजना निर्माण गर्ने ।

१४. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

उल्लेखित उदेश्यहरु पुरा गर्नको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. पालिकाद्धारा हालसम्म निर्माण गरी लागु गरेका विकास सम्बन्धी नीति, नियम, निर्देशिका तथा औजारहरू पूर्णत लैङ्गिक दृष्टिकोणबाट उपयूक्त भए नभएको विश्लेषण गरी सुधार गरिने ।

२ पालिकाद्धारा सम्पादन गर्ने वा गराउने विकास, योजना तथा नीति निर्माण सम्बन्धी कृयाकलापहरूका कार्यक्षेत्रगत शर्तहरू तयार पार्दा विज्ञसग सल्लाह सुझाव लिइ लैङ्गिक मैत्री भएको सुनिश्चित गरिने ।

३ लैङ्गिक मैत्री योजना नीति, कार्यक्रम तथा व्यवहारहरूको सुनिश्चितता गर्न सम्वन्धित सरोकारवालाको सहभागिता सुनिश्चित गरी समग्र निर्णय प्रकृयामा उनीहरूका आवाजहरूलाई सम्बोधन गरिने ।

४ लैङ्गिकताको क्षेत्रमा महशुस योग्य सुधार गर्न यस सम्बन्धी खण्डकृत तथ्याङ्कहरूको उपयोग गरिने र निश्चित समयमा अद्यावधिक हुने खण्डकृत तथ्याङ्क प्रणालिको निर्माण गरिने ।

५ पालिकामा सामाजिक विकास शाखालाई श्रोत र साधानयूक्त तुल्याई लैङ्गिकता सम्बन्धी विषय र कृयाकलापको सम्बोधन हुने केन्द्रको रुपमा विकास गरिने ।

६ न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धी नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिने ।

७ पालिकाको JESI सम्पर्क अधिकारीलाई क्षमता विकास सम्बन्धी नियमित तालिम र अभिमुखिकरण गरिनेछ ।

८ JESI परीक्षण तथा सामाजिक परिक्षणलाई नियमित र संस्थागत गरिनेछ ।

९ गाउँपालिकाको वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पूर्वाधार विकास, कृषि वन तथा भूमि सुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासनसंग सम्वन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

१० मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११ लैङ्गिकतासंग प्रत्यक्ष वा अप्रत्यक्ष गाँसिएका स्थानीय कानून निर्माण गर्दा कानून मस्यौदाकारहरूलाई यथेष्ट तालिम तथा अभिमुखिकरण गरिनेछ ।

१२ तथ्याङ्क प्रणालीलाई सूचना प्रविधि मैत्री बनाइने ।

१३ लैङ्गिकमैत्री असल शासन स्थापित गर्न समुदाय, नागरिक समाज, आमा समूह, गैह सरकारी संस्था, दातृ निकाय, यूवा तथा किशोरीहरूको सहभागिता सुनिश्चित गरी सहकार्य गरिनेछ ।

१५ लैससास रणनीति (GESI Strategy)

लैससासका लागि मुलप्रवाहिकरण, समावेशिकरण, स्थानीयकरण, सशक्तिकरण, सचेतिकरण, संस्थागत संरचना, समन्वय, सहकार्य, सहजिकरण, सामाजिक सुरक्षा, अनुगमन र मुल्याँकनको क्षेत्रलाइ समेटेर महिला, बालबालिका, जेष्ठनागरिक, अपांग, पछाडि पारिएका वर्ग, दलित, आदिवासी जनजाती लगायत गरिव र अहिष्करणमा परेका वर्ग र समुदायको उत्थानको लागि रणनीतिक कृयाकलापहरु तय गरिने छन ।

१६ रणनैतिक कृयाकलापहरु

**उद्देश्य १**

लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने।


**नीति**

वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि बन तथा भूमीसुधार ,गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासनसंग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

**रणनीति**

लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनको लागि योजनाको आधारमा बजेट विनियोजन गर्ने ।<br>२. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजनाहरु पुरा गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सूचकहरु तयार गरी त्यसैको आधारमा परीक्षण गर्ने।<br>४.वजेट तर्जुमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षको क्षमता अभिवृद्धि गर्ने । | १. वार्षिक वजेटको ३० प्रतिशत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२. लैससास मैत्री आवधिक योजनाहरु तयार भएका हुनेछन् ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जुमा तथा मापन सम्बन्धि सूचकहरु निर्माण भएका हुनेछन ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गहरुको पूर्ण सहभागिता भएको हुनेछ ।<br>५. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ । | १. बार्षिक कार्यक्रम तथा बजेट पुस्तिका ।<br>२. योजना तर्जुमाका दस्तावेज र वैठक तथा भेलाका उपस्थितिहरु ।<br>३. कार्यपालिका वैठकका निर्णय पुस्तिका ।<br>४. गाउँसभाका बैठकका निर्णय पुस्तिका । |



कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| यथेष्ट तालिम तथा अभिमुखिकरण गरिनेछ ।<br>३. सार्वजनिक तथा नीजि दुवै क्षेत्रका कार्यस्थलमा लैङ्गिक संवेदनशीलता तथा समानता सुनिश्चित गर्न विशेष आचार संहिता निर्माण गरी लागु गरिनेछ र व्यापक प्रचार गरिने छ ।<br>४. स्थानीय तथ्याङ्क प्रणालीलाई लैङ्गिक विषयसंग सम्बन्धित खण्डीकृत तथ्याङ्कहरूको समेत व्यवस्थापन गरी तथ्याङ्क प्रणालीलाई सूचना प्रविधि मैत्री र सहजै पहूँच योग्य बनाइनेछ ।<br>५. बहुविभेद परेका सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता लगायतका अति विपन्न वर्गका महिलालाई सकारात्मक विभेदको सिद्धान्त अनुरुप विशेष शसक्तिकरणका कार्यक्रमहरू संचालन गरी सोही बमोजिम तथ्यगत सूचनामा आधारित बजेट विनियोजन गरिनेछ ।<br>६. आवश्यक कानून निर्देशिका तथा कार्यविधि तयार गर्ने । | | |

**उद्देश्य ३**

रीष्ट्रिय तथा अन्तरीष्ट्रिय कानून सन्धि संझौताका अधारमा समाजमा रहेका भेदभावपूर्ण संस्कार, व्यवहार, कुरिति, परम्परा र अभ्यासहरूको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्नु ।

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

लागु

### नीति

नैतिक मूल्य, सामाजिक तथा मानवीय आचरणको प्रवर्द्धन मार्फत सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने ।

### रणनीति

लैङ्गिक हिंसा यौन हिंसा तथा भेदभाव बिरुद्धका विषेश कार्यक्रमहरु संचालन गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. दीगो विकास लक्ष का १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरि परिचालान गर्ने<br>२. बेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने ।<br>३. संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने।<br>४. उल्लेखित सबै अभिमुखी करण पश्चात स्थानीयकरण गरी लागु गर्ने ।<br>५. स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने । | १. दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३. स्थानीयकरण भएका संन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १. अन्तर्राष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. कार्यान्वयन लागि वनेका कार्यविधिहरु ।<br>३. कार्यपालिका तथा सभाका निर्णयहरु । |



लागु

उद्देश्य ४

मूल प्रवाहमा नपरेका सबै लिङ्ग, जात, धर्म, सम्प्रदाय, भाषा, क्षेत्र, उमेर वा अन्य आधारमा हुने सबै प्रकारका विभेदको अन्य गरी सामाजिक समावेशीता सुनिश्चित गर्नु ।

नीति

व्यापक रुपमा सामाजिक जागरणका अभियानहरु संचालन गरिने छ ।

रणनीति

१ .पालिकाले सम्पन्न गर्ने सबै विकास कृयाकलाप, सेवा, प्रबाह, योजना नीति तथा कार्यक्रममा सामाजिक समावेशीकरणको सिद्धान्त अबलम्बन गर्ने ।

२ .सामाजिक समावेशीताका दृष्टिकोणबाट पछाडि परेका नागरिकहरूको आर्थिक सबलिकरण र मूल प्रवाहिकरण सुनिश्चित हुने कार्यक्रम कार्यान्वयन गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. पालिकाको स्थानीय सामाजिक समावेशीकरण नीति निर्माण गरी लागू गरिनेछ ।<br>२. कार्यान्वयनमा रहेका विकास कार्यक्रम तथा सेवा प्रवाहमा सामाजिक समावेशीताको सिद्धान्त कार्यान्वयन भए नभएको विश्लेषण र परीक्षण गरिनेछ ।<br>३. गाउँपालिका लगायत नीजि क्षेत्र, सहकारी गैरसरकारी संस्था तथा स्थानीय सरकारको मातहतमा रहने सम्पूर्ण संघ, संस्था व्यवसायिक प्रतिष्ठान तथा कार्यस्थलहरूमा सामाजिक समावेशीता कार्यान्वयन हुने गरी नीति तथा कृयाकलापहरू परिमार्जन गर्नुपर्ने प्रावधान राखिनेछ । | १. यौनहिसा जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>२. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>३. लैससास सम्बन्धी सचेतनामूलक ब्रोसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ ।<br>४. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ । | १ कार्यपालिकाका निर्णय पुस्तिका ।<br>२ विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि ।<br>३ ब्रोसर रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो सामाग्रीहरु । |

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ४. विपन्न र लक्षीत वर्ग केन्द्रित सीप विकास तालिमहरू संचालन गरिनेछ । <br>५. परम्परा, संस्कृति र पहिचान संरक्षण गर्न पालिकास्तरीय सांस्कृतिक केन्द्रको स्थापना गरिनेछ । | | |

**उद्देश्य ५**

वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

**नीति**

१. लक्षित वर्गको विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

३. लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

**रणनीति**

महिला, गरीबी र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्याँकन र अनुसन्धान गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. महिला पुरुष समविकास कार्य नीति निर्माण गरी कार्यान्वयन गर्ने <br>२. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने । <br>३. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक | १. शाखा प्रमुखमा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ । <br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ । <br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ । | १. कार्यपालिकाका निर्णय पुस्तिका <br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि । <br>३. महिला पुरुष समविकास कार्यनीति |

| | | |
|---|---|---|
| जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>४ आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>५. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने । | ४. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ । | |

उद्देश्य ६

मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने ।

### नीति

१ मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे कर्मचारीहरुलाई प्रशिक्षित गर्दै लैजाने।

### रणनीति

लक्षित वर्गको सीप विकासको माध्यामबाट क्षमता अभिबृद्धि गराइ आर्थिक गतिविधिहरुमा लगाइ आत्म निर्भर वनाउने

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३.पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैससास विषयलाई अनिवार्य राख्ने नीति वनाउने । | १. वार्षिक बजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>३. कार्यस्थलमा हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका निर्णयपुस्तिका । |

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने । | | |

**उद्देश्य ७**

**शिक्षा स्वास्थ्य खानेपानी लगायतका अत्यावश्यक सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राखे र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने ।**

**नीति**

शिक्षा स्वास्थ्य खानेपानी लगायत अत्यावश्यक सेवा प्रवाह जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्न ।

**रणनीति**

लैससासको दृष्टिकोणवाट गरिएका अनुगमन तथा मूल्याङ्कनमा यस अघि गरिएको अनुगमनमा दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. लैससासमुखी शैक्षिक नीति अवलम्वन गर्ने ।<br>२. वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालिमहरु प्रदान गर्ने।<br>३. नयाँ वन्ने सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>४. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नुपर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने।<br>५. नियमित रुपमा सार्वजानिक सुनुवाइ र प्रत्येक वर्ष सामाजिक परीक्षण कार्यक्रम गर्ने । | १. साक्षर गाउँपालिका घोषणा हुनेछ ।<br>२. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १.वार्षिक प्रगती प्रतिवेदन ।<br>२.तालीम सम्पन्न प्रतिवेदन ।<br>३. कार्यपालिका निर्णयहरु ।<br>४.सभाका निर्णयहरु । |

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने । | | |

उद्देश्य ७

शिक्षा स्वास्थ्य खानेपानी लगायतका अत्यावश्यक सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राखे र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने ।

**नीति**

शिक्षा स्वास्थ्य खानेपानी लगायत अत्यावश्यक सेवा प्रवाह जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्न ।

**रणनीति**

लैससासको दृष्टिकोणवाट गरिएका अनुगमन तथा मूल्याङ्कनमा यस अघि गरिएको अनुगमनमा दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. लैससासमुखी शैक्षिक नीति अवलम्वन गर्ने ।<br>२. वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालिमहरु प्रदान गर्ने।<br>३. नयाँ वन्ने सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>४. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नुपर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने।<br>५. नियमित रुपमा सार्वजानिक सुनुवाइ र प्रत्येक वर्ष सामाजिक परीक्षण कार्यक्रम गर्ने । | १. साक्षर गाउँपालिका घोषणा हुनेछ ।<br>२. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १.वार्षिक प्रगती प्रतिवेदन ।<br>२.तालीम सम्पन्न प्रतिवेदन ।<br>३. कार्यपालिका निर्णयहरु ।<br>४.सभाका निर्णयहरु । |

१७. वीत्त व्यवस्थापन

उल्लेखित रणनैतिक कृयाकलापहरु संचालनको लागि आर्थिक श्रोतको आवश्यकता पर्ने भएकोले बाह्य श्रोतको मात्र भर पर्नु हुदैन । आन्तिरक श्रोत र साधनहरु मार्फत नै बजेटलाइ कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने कुरामा ध्यान पुर्याउनु पर्ने हुन्छ । लैससास मुलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिने छः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट बजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी/अन्तराष्ट्रिय गैह सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

१८. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन ।

१९. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो स्थानीय तहमा कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका बारेमा सबै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसासको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउने ।

२०. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. पालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

## २१. सम्भाव्य जोखिम र न्यूनिकरणका उपायहरु

| सम्भावित जोखिम | न्यूनिकरणका उपायहरू | कैफियत |
| --- | --- | --- |
| नीति कार्यन्वयनमा श्रोतको व्यवस्थापन | नीतिको कार्यान्वयनका लागि आवश्यक श्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । श्रोत व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरू संघ संस्थाहरू तथा साझेदारहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । | |
| भेदभावजन्य प्रचलन तथा व्यवहारहरू | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरितिहरूको अन्त्यका लागि आवश्यक कानूनहरूको तर्जुमा र भइरहेका कानूनहरूको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण बेवास्ता र हानीकारक अभ्यासहरूमा गाउँपालिकाले शून्य सहनशिलताको नीति लिनेछ । | |
| लैससासको बुझाईमा एकरुपता नहुनु | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । | |
| स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासका सवालहरू कम प्राथमिकतामा पर्नु । | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ । लैससासका लाभ र अवसरहरूमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित समुहको सशक्तिकरण गरिनेछ । | |
| लैससासका सवालहरूलाइ | लैससासको सवाललाई पालिकामा मूख्य कार्यक्रमको रुपमा संचालन गरिनेछ | |

| सम्भावित जोखिम | न्यूनिकरणका उपायहरू | कैफियत |
|---|---|---|
| एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | । सबै विषयगत क्षेत्रमा यसलाई अन्तर सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ । लैससास क्षेत्रमा काम गर्ने संघ सस्थाहरू संग समन्वय गरी काम गरिनेछ । | |
| खण्डिकृत तथ्याङ्क तथा सुचकांकहरूको आधारमा योजना कार्यक्रमहरू तयार हुन नसक्नु । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण गर्ने र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यन्वयन गरिनेछ । | |

## २२. लैससास रणनीतिका अपेक्षित उपलब्धीहरू

- लक्षित वर्गको सशक्तिकरण भइ अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्नेछन ।
- सरोकारवाला निकायको लैससास प्रतिको बुझाइमा एकरुपता आइ क्षमता अभिवृद्धि भएको हुनेछ ।
- स्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग र समुदायको पहुँच वृद्धि हुनेछ ।
- योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता शुनिश्चित हुनेछ ।
- आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसारको लैसासाका कार्यक्रमहरू कार्यन्वयन हुनेछन।
- नेपाल सरकारको लैससासंग सम्वन्धित नीतिहरू दिगो विकास लक्ष्य र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, कार्यन्वयनमा योगदान पुग्नेछ ।
- योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन प्रकृया लैससास मैत्री हुनेछ ।

## २३. निश्कर्ष

लैससासको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न तथा अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ त्यसैले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैससासको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समयसम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्ष्यमा पुग्न सकिन्छ ।

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल

अनुसुची
कार्यक्रमको फोटोहरु

